शुद्धोदन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

आ.व. २०८३/८४
च.नं.:

मिति:२०८३/०५/१०

## विषयः विषयविज्ञमा सूचिकृत हुने सम्बन्धी सूचना ।

शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ९६(क) को प्रावधान अनुसार सोही नियमको उप- नियम (१) खण्ड (ग) प्रयोजनार्थ शैक्षिक सत्र २०८३ र २०८४ का लागि विषयविज्ञहरुको सूची अद्यावधिक गर्नुपर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका रुपन्देही जिल्ला भित्र सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत कम्तिमा ५ वर्ष स्थायी सेवा अवधि पूरा गरेका शिक्षकले सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र स्वयम् उपस्थित भएर निवेदन दर्ता गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>आवश्यक कागजातहरु</u>

१) निवेदन,

२) तोकिएको शैक्षिक योग्यताको प्रमाणपत्र,

३) स्थायी नियुक्ति पत्र,

४) विद्यालयको सेवा प्रमाणित पत्र । (सेवा अवधी खुल्ने गरी)

<u>निवेदकको योग्यता</u>

माध्यमिक तहः स्नातकोत्तर तह उत्तीर्ण गरी सम्बन्धीत तह र विषयमा ५ वर्षको शिक्षण अनुभव पूरा गरेको हुनुपर्ने।

आधारभूत तहः स्नातक तह उत्तीर्ण गरी सम्बन्धीत तह र विषयमा (कक्षा ६-८ को हकमा) ५ वर्षको शिक्षण अनुभव पूरा गरेको हुनुपर्ने।

माध्यमिक तहमा सुचिकृत भएको विषयविज्ञ आधारभूत तहमा पनि स्वतः विषयविज्ञ मानिनेछ।

८३/५/१०

लेख बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत


इमेल:- info@shuddhodhanmunrupandehi.gov.np फोन:-०७१-, ४२३०४०, ४२३०४१, ४२३०४२ वेबसाइट:shuddhodhanmunrupandehi.gov.np